दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३११ | बुटवल | २०८१ मंसिर ०३, गते सोमबार | नेपाल संवत ११४५ | Monday Nov.18, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोका कारणले हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार विज्ञापन बोर्ड


स्थानीय तह उप-निर्वाचन :

# माओवादी गढ भत्काउन कांग्रेस-एमाले गठबन्धन

**लुम्बिनी संवाददाता**

*बुटवल*





मंसिर १६ गते हुने स्थानीय तहको उप-निर्वाचनमा लुम्बिनी प्रदेशको रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष र एक वडाध्यक्ष चुनावमा नेपाली कांग्रेस र एमालेले गठबन्धन गरेर उम्मेदवारी दिएका छन् । पुथा माओवादीको बलियो आधार क्षेत्र मानिन्छ। सत्ता साझेदार दुई ठूला दलले एक्ला एक्लै चुनाव लड्दा हार्ने निश्चित भएपछि माओवादीको गढ भत्काउन गठबन्धन गरेका हुन्।

दुई दलबिच भएको सहमतिअनुसार उपाध्यक्षमा कांग्रेसले उम्मेदवार उठाएको छैन भने वडाध्यक्षमा एमालेले उम्मेदवारी दर्ता गरेको छैन । एमालेकी उपाध्यक्ष उम्मेदवारले सूर्य चिन्ह नभई कांग्रेसको रुख चिन्हमा मत माग्नेछिन् ।

आइतबार उम्मेदवार मनोनयन गर्नुअघि दुई दलले लिखित सहमति गरी एमालेकी जिल्ला कमिटी उपसचिव केशकुमारी तुलाचन दुवै पार्टीको तर्फबाट साझा उम्मेदवार बनेकी छन् । २०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेस-एमाले उम्मेदवारभन्दा माओवादी उम्मेदवार भूपेन्द्रा बुढामगरले दोब्बर मत ल्याएर विजयी भएकी थिइन् ।

भूपेन्द्रा बुढा ४ हजार ५९ मत ल्याएर निर्वाचित भएकी थिइन् भने कांग्रेसका कमलाकुमारी मल्लले २ हजार १० र एमालेका धर्म घर्ती बुढाले १ हजार ८ सय १२ मत प्राप्त गरेका थिए। पुथामा ११ हजार १ सय ८० मतदाता रहेका छन्। माओवादी केन्द्रबाट विजयी बुढाको असोजमा बागलुङमा भएको सवारी दुर्घटनामा परेर ज्यान गएपछि उपनिर्वाचन हुन लागेको हो।

पालिका उपाध्यक्षसँगै पुथा उत्तरगंगाको वडा नं. २ मा एमालेकै जिल्ला कमिटी सदस्य जीवन रोकालाई साझा उम्मेदवार बनाइएको छ । रोका भने एमालेकै चुनाव चिह्नबाट उम्मेदवार बनेका छन् । वडा नं. २ का माओवादीबाट निर्वाचित जसबहादुर श्रीपालीको मृत्यु भएपछि उपचुनाव हुन लागेको हो। गत निर्वाचनमा श्रीपालीले २ सय ३४ र कांग्रेसका कर्णबहादुर बुढाले १ सय ७९ मत प्राप्त गरेका थिए।

गाउंपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रकी नरपुरा बुढा पुन मगर र वडा अध्यक्षमा जगत घर्तीले उम्मेदवारी दर्ता गरेका छन् । नरपुरा दिवंगत उपाध्यक्ष भुपेन्द्राकी दिदी हुन् । गाउँपालिका उपाध्यक्षमा नेकपा एकीकृत समाजवादीबाट सुनिता बुढा, स्वतन्त्रबाट कोपिला पुन बुढा र मोहनभक्त बुढा गरी ५ जनाले उम्मेदवारी दर्ता गरेको सहायक निर्वाचन अधिकृत ईश्वरीप्रसाद सुवेदीले जानकारी दिए। वडाध्यक्षमा भने कांग्रेस-एमाले गठबन्धन र माओवादी केन्द्रका २ जनाले मात्रै उम्मेदवारी दिएका छन्।

माओवादी केन्द्र लुम्बिनीका अध्यक्ष सुदर्शन बरालले उपाध्यक्ष र वडाध्यक्ष दुबै पदमा एक्लाएक्लै लड्दा हार्ने निश्चित भएर कांग्रेस एमालेले गठबन्धन गरे पनि माओवादी केन्द्रले नै जित्ने दावी गरे । 'एमाले उम्मेदवारले रुख चिन्ह लिनु नै हारको संकेत हो,' बरालले भने-'पुथा माओवादीको गढ हो, सबै दल मिले पनि जित्न सक्दैनन्।'

कांग्रेस जिल्ला सभापति केशरमान रोकाले दुवै दलले साझा उम्मेदवार बनाउने र साझा घोषणापत्रका आधारमा पालिका र वडाको चुनाव लड्नेसहमति अनुसार उम्मेदवारी दर्ता गरिएको बताए।

कपिलवस्तुको शुद्धोधन गाउँपालिका १ मा कांग्रेसबाट निर्वाचित तिलकराम यादवको निधनपछि रिक्त वडाध्यक्ष पदमा १३ जनाले उम्मेदवारी दिएका छन्।

यहां नेपाली कांग्रेसले दिनेश यादवलाई उम्मेदवार बनाएको छ। यादव दिवंगत वडाध्यक्ष तिलकराममा छोरा हुन्।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले मोहम्मत ताहिरलाई मनोनयन गराएको छ । माओवादी केन्द्रले रफिक अहमदलाई उठाएको छ । एमालेले अब्दुल मोजिम खाँलाई उम्मेदवार बनाउने पूर्वनिर्णय गरे पनि अन्तिम समयमा कालो सूचीमा परेर विवादित भएपछि ताहिरलाई उठाएको हो।

जनमत पार्टीबाट सीताराम पटेल, जसपा नेपालबाट रामबहादुर कुर्मी चौधरी, जसपाबाट रमेशकुमार पाण्डे, रास्वपाबाट अवधेश चौधरी, राप्रपाबाट इम्तियाज अहमद मुसलमान, नागरिक उन्मुक्ति पार्टीबाट सूर्यकुमार चौधरी थारु र नेकपा एकीकृत समाजवादीबाट सुब्बा थारुले उम्मेदवार बनेका छन्। यस्त स्वतन्त्रबाट अब्दुल मोयिद मुसलमान, अब्दुल अब्बल फकिर, पुजारी थारु र सर्वजित मल्लाहको उम्मेदवारी परेको छ।

गत निर्वाचनमा कांग्रेसका तिलकराम यादवले एमालेका अब्दुल मोजिब खाँलाई पराजित गर्दै दोस्रोपटक अध्यक्ष बनेका थिए। यादवले १ हजार ३२ मत पाउँदा एमालेका अब्दुल ८८९ मतमा रोकिएका थिए। गुल्मीको मुसिकोट नगरपालिका वडा नम्बर १ वडाध्यक्ष पदमा ८ जनाको उम्मेद्बारी परेको छ ।

नेपाली कांग्रेसबाट आनन्द श्रेष्ठ, नेकपा एमालेबाट दल बहादुर थापा र नेकपा माओवादी केन्द्रबाट दुर्गा बहादुर बिकको उम्मेद्बारी परेको मुख्य निर्वाचन अधिकृत युवराज गौतमले जानकारी दिए । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा ) बाट विकास थापाले वडाध्यक्षमा उम्मेदवारी दिएका छन्, उनी विगतमा नेकपा एमालेमा थिए । राप्रपाबाट ईश्वरी खातीले उम्मेद्बारी दिएकी छन्। त्यस्तै स्वतन्त्रबाट कोमानन्द खरेल, कुलबहादुर थापा र योगेन्द्र खरेलले उम्मेद्बारी दिएको छन् ।

माओवादी केन्द्रका उम्मेदवार दुर्गाबहादुर बिकलाई नेकपा एकीकृतसमावादीको समर्थन रहेको छ ।

निर्वाचन अधिकृत ऋषि घिमिरेका अनुसार वडामा ४ हजार ९१ मतदाता छन् ।

गत स्थानीय तहको निर्वाचनमा ३ हजार ८०८ गतदाता थिए । त्यति बेला नेकपा माओवादी केन्द्रको समर्थनमा नेपाली कांग्रेसबाट मोहन घिमिरेले ११८२ मत पाएर जितेका थिए । एमालेका नारायणबहादुर थापाले ११४३ मत ल्याएका थिए।

पूर्व वडाध्यक्ष मोहन घिमिरेको २०८० भाद्र २ गते ३६ वर्षको उनेरमा रुखमा झुण्डिएको अवस्थामा मृत्यु भएको थियो ।

## पूर्वसभामुख ढुंगानाको निधन



काठमाडौं। पूर्वसभामुख दमननाथ ढुंगानाको निधन भएको छ। उपचारको क्रममा फ्रन्टलाइन अस्पतालमा आइतबार दिउँसो दुई बजे उनको निधन भएको हो ।

अस्पतालमा उनको कलेजोसम्बन्धी समस्याको उपचार चलिरहेको थियो। ढुंगाना २०४८ सालदेखि २०५१ सम्म सभामुख थिए। उनी वरिष्ठ अधिवक्तासमेत हुन्।

उनले तत्कालीन विद्रोही माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भूमिका पनि खेलेका थिए।

पञ्चायतकालमा विद्यार्थी संगठन बनाएर राजनीतिक यात्रा सुरु गरेका उनले वरिष्ठ अधिवक्ता, मानवअधिकारवादी र नागरिक समाजको अगुवाको पहिचानसमेत बनाएका छन् । ०२८ सालमा नेपाल बार एसोसियसनको महासचिव बनेका उनी पत्रकारिता र शिक्षण पेशामा पनि आबद्ध थिए।

०४८ सालमा काठमाडौंबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उनी सभामुख बने । ०५१ सालको मध्यावधि चुनावमा विद्या भण्डारीसँग पराजित भएपछि ढुंगाना शान्ति अभियानमा खुलेर लागेका थिए। उनी सरकार-माओवादी शान्ति वार्ताका सहजकर्ता थिए।

## लामिछानेसहित २२ जनाविरुद्ध फेरि पक्राउ पुर्जी

बुटवल । सहकारी ठगी मुद्दामा रास्वपा सभापति रवि लामिछानेसहित २२ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।

जिल्ला अदालत काठमाडौंबाट पुर्जी जारी भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले बताए। पुर्जी जारी हुने २२ मध्ये रविसँगै पूर्वडीआइजी छविलाल बन्जाडे जोशी पनि छन्।

काठमाडौं महानगरपालिका- १४ मा सञ्चालित स्वर्णलक्ष्मी सहकारीबाट बचतकर्ताको अर्बौं रकम हिनामिना भएपछि छानबिनका क्रममा लामिछाने, जोशी संलग्न गोर्खा मिडिया प्रालिमा रकम प्रवाह भएको पाइएको एसपी अधिकारले बताए । काठमाडौं महानगरपालिकाको छानबिन प्रतिवेदनका आधारमा उक्त घोटाला प्रकरणमा रवि र छविको संलग्नता देखिएको हो।

सोही घोटालामा संलग्न काठमाडौं महानगरपालिका-६ घर भएका कमल लामा र वडा नम्बर ३१ की सुनिता नेवालाई प्रहरीले पक्राउ गरिसकेको छ।

## सिकलसेलको उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बेग्लै वार्ड

बुटवल । थारु समुदायको प्रमुख स्वास्थ्य समस्या सिकलसेलको उपचारका लागि दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बेग्लै वार्ड स्थापना गरिएको छ।

आइतबारबाट प्रतिष्ठानमा भर्ना हुनेका लागि १० बेड र दिवा उपचारका लागि ५ बेडसहितको वार्ड स्थापना गरिएको प्रतिष्ठानका उपकुलपति विकास लामिछानेले जानकारी दिए।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले गत कार्तिक २० गते मन्त्रीस्तरीय निर्णय गर्दै भेरि अस्पताल नेपालगञ्जमा बेग्लै वार्ड स्थापना गरेका थिए। यसलगत्तै थारुबहुल क्षेत्र दाङको घोराहीमासमेत सिकलसेल उपचारका लागि बेग्लै वार्ड स्थापना गरिएको हो।

मन्त्री पौडेलले एक समुदायकै प्रमुख स्वास्थ्य समस्यासँग जुध्नका लागि आवश्यक सबै विकल्प अपनाउने बताएको एक महिनाकै बीचमा थप अर्को ठूलो सरकारी अस्पतालले वार्ड स्थापना गरेको हो। यससँगै थारु समुदायमा वंशाणुगत समस्याका रुपमा रहेको सिकलसेल उपचारका लागि उनीहरुको बसोबास रहेका प्रमुख दुवै क्षेत्रमा बेग्लै वार्डमार्फत उपचार सुरु भएको हो।

मन्त्रालयका अनुसार सिकलसेलबाट समुदायका झण्डै १२ प्रतिशत नागरिक प्रभावित पाइएको छ। यसअघि दिउँसो मात्र उपचार गर्ने गरिएकामा भर्नाका लागि पर्याप्त व्यवस्था गरिएकाले अब प्रतिष्ठानबाट उपचार सहज हुने उपकुलपति देवकोटाले जानकारी दिए।

मन्त्री पौडेलले सिकलसेलको औषधिसमेत निःशुल्क उपलब्ध गराउने गरी तयारी भैरहेको सार्वजनिक अभिव्यक्ति दिएका थिए । विपन्न समुदायका नागरिक धेरै प्रभावित भएको सिकलसेलका लागि औषधि नै उपलब्ध गराउने योजनाअन्र्तगत काम भैरहेको उनले बताएका थिए।

हाल लाक्षणिक आधारमा सिकलसेलको उपचार हुँदै आइरहेको छ। औषधि वितरण गर्ने सरकारको योजनालाई समर्थन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले समेत औषधि निःशुल्क हुने बताएका थिए।

## राजधानी शहर बनाउन जग्गा जोड्दै सरकार

राजधानी क्षेत्र भित्रको १२ हजार विगाहा जग्गामध्ये यस वर्ष एक हजार विगाहा जग्गालाई एकिकरण योजना भित्र राखिएको छ।



**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले राजधानी क्षेत्रको जग्गा एकीकरणको कामलाई जग्गाधनीको सहमतिको आधारमा अघि बढाउन निर्देशन दिएका छन् ।

सरकारले जग्गा एकीकरण आयोजना सञ्चालक समितिको अध्यक्षमा राप्ती गाउँपालिका-१ निवासी सुशिलकुमार बस्नेतलाई यिुक्त गरेको थियो । कार्तिक १२ गते बसेको पूर्वाधार विकास समितिको २१औं बैठकले अध्यक्षमा नियुक्त गरेका बस्नेतलाई आइतबार सपथ ग्रहण गराएपछि मुख्यमन्त्री आचार्यले राजधानी क्षेत्रको जग्गा एकिकरण आयोजनालाई तिब्रता दिन निर्देशन दिएका हुन् ।

'यो दीर्घकालीन महत्वको निकै ठूलो जिम्मेवारी हो, फिल्डमा सहमति जुटाउने कामलाई अघि बढाउनुस्, स्रोत साधन जुटाउने काममा सरकार जुट्छ,' मुख्यमन्त्री आचार्यले भने -'नदी सभ्यतामा आधारित राजधानी शहर बनाउने परिकल्पना सरकारको छ, यसलाई साकार बनाउन विवादरहित ठाउँबाट काम अघि बढाउन र त्यसलाई नमुनाको रुपमा प्रस्तुत गर्न आवश्यक छ।'

राजधानी शहर निर्माणका लागि २० वर्षे योजना निर्माण गरिएको छ। जुन योजना कार्यान्वयन गर्न एक खर्ब बढी बजेट लाग्ने अनुमान छ। पाँच वर्षको लागि २५ अर्ब लगानीको खोजीमा प्रदेश सरकार जुटेको मुख्यमन्त्री आचार्यले बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# कफीमा नतिजा खोई ?

हरेक वर्ष झैं २०औं राष्ट्रिय कफी दिवस यसवर्ष पनि भव्य मनाइयो । कफीको बजार, उत्पादन, संभावना र भविष्यका बारेमा मिठा कुरा भए । तर नेपालमा ८६ वर्षको इतिहास बोकेको कफी खेतीको व्यवसायिक विस्तार हुन सकिरहेको छैन । देशमा खपत हुने कफीको ठूलो हिस्सा बाहिरबाट आइरहेको छ । यहाँको उत्पादनको माग विदेशमा ठूलो माग हुँदा पनि पुऱ्याउन हम्मेहम्मे छ । उत्पादनले बजारको काम थेग्न हम्मे परिरहेको बेला कफी खेतीको विस्तार हुन नसक्नुलाई विडम्बना मान्नुपर्छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार, नेपालमा उत्पादन भएको १७ प्रतिशत कफी निर्यात हुन्छ, तर आयात दोब्बर बढी हुन्छ ।

भन्सार विभागको आर्थिक वर्ष २०७९र ०८० को तथ्यांकले भन्छ,– १३ करोड ४ लाख रुपैयाँ बराबरको ७७ टन मात्रै कफी निर्यात भयो ।त्यसैगरी, ३२ करोड ५८ लाख बराबर ४ सय ५० टन कफी आयात भयो । यसैगरी, २०८० ⁄०८१ मा १४ करोड ९२ लाख रुपैयाँ बराबरको ८९ टन कफी निर्यात भयो । त्यसैगरी, ४१ करोड ९८ लाख बराबरको ४ सय ४३ टन कफी आयात भएको छ ।

कफी खेतीका बारेमा राज्यले चासो र चिन्ता व्यक्त गर्न थालेको केही दशक बिते, तर हामी कफी उत्पादन बढाउन सकिरहेका छैनौं । आयात प्रतिस्थापन गर्न सकेनौं । निर्यात पनि अपेक्षाकृत बढाउन सकिरहेका छैनौं । के कारणले यस्तो अवस्था आएको छ ?

कफी विकास बोर्डको अहिलेसम्मको तथ्यांकले कुल ४ हजार ३ सय ९ हेक्टरमा कफी खेती विस्तार देखिन्छ । तर बजारले भन्छ,– कफी खेतीको व्यवसायिक विस्तार गर्दा मुलुकले धेरै लाभ पाउन सक्छ । आयात प्रतिस्थापन गरी निर्यात गर्न सक्छ । बजारको माग राम्रो भएको कफी खेती गर्न नागरिक जागरुक पनि भए तर रोगकिराको नियन्त्रण नहुँदा केही वर्ष अघि कफी किसानले ठूलो नोक्सानी व्यहोरे । यही नोक्सानीले निराश किसानलाई सरकारको साथ चाहिएको छ । किसानलाई बेर्ना अनुदान दिएर मात्रै हुँदैन्, राम्रो प्राविधिक सल्लाह र समाधान चाहिएको छ । कफी खेतीमा लाग्ने रोगकिराको पहिचान र उपचार गर्न सक्ने प्राविधिकको अभाव पूर्ति गर्न सरकारले चासो दिइरहेको छैन । कफी खेतीसम्बन्धी विषय विज्ञ तयार गर्न विभिन्न मुलुकमा अध्ययन गर्न पठाउन सकिन्छ । विषयविज्ञ तयार गरी कफी खेतीमा केही वर्ष लगानी बढाउन पनि आवश्यक छ । लगानी बढाएर युवालाई कफी खेतीमा लगाउन सक्दा मुलुकले ठूलो लाभ पाउन सक्ने संभावनाको बाली हो कफी ।

अब सानो मात्रामा होइन्, ठूलो फर्ममा खेती गर्ने, त्यस्तो खेती सामुहिक प्रणालीमा गर्ने परिपाटीको व्यवस्था गर्ने र कफी खेतीमा गाउँमा करार खेती मोडल लागु गर्ने हो भने कफीको विस्तार गर्न सकिन्छ ।

# कुकर्म बढी गर्दा लोकतन्त्रमा विकृति



अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसर्थ हाम्रो लोकतन्त्रले नेपालीहरूको मन मस्तिष्कलाई गहिराइसम्म छुन सकेको छैन, सतही लोकतन्त्र दिगो हुन्न, भाइभतिजा र नातागोताले चलाएको लोकतन्त्र धेरै देशमा संकटमा परेको छ। योग्यता, क्षमता र विज्ञताको कदर नहुने ठाउँमा लोकतन्त्र टिक्दैन, जहाँ असल शासन छैन, पारदर्शिता छैन, जिम्मेवारीबोध छैन, फटाहाहरूको मात्र हालीमुहाली भइरहन्छ भने त्यस्तो लोकतन्त्र देशको अभिशाप हुन्छ।

हाम्रो लोकतन्त्र अचम्मको छ, यहाँ सुकर्म औंलाले गन्नुपर्ने भए पनि कुकर्म भने गनिसाध्य छैन । लोकतन्त्रमा अहंकार बढ्नु पनि राम्रो होइन । वर्षौंअघिदेखि अलपत्र परेको चितवन बुटवल सडक खण्डका लागि प्रधानमन्त्री बोल्नुपर्ने, व्यापारीको विजुली महसुल असुल नगरी प्रधानमन्त्री संसद बोल्नुपर्ने र मन्त्रिपरिषद्बाटै निर्णय गराई उद्योगमा टुटेको लाइन जोडिनुपर्ने, राज्यका अन्य संयन्त्रहरू काम नलाग्ने गरी खिया लगाउने लोकतन्त्रको अभ्यास भइरहेको छ देशमा । राज्यको चरम दोहन गर्न उद्यत् यो लोकतन्त्रले देशलाई कता लैजान्छ थाहा छैन, तर सीमा नाघेको व्यापारघाटा र युवाविहीन समाज छ हाम्रो देशमा । बाटाघाटाहरू खण्डहर बनेका छन् भने भर्खरै देशको प्रदूषणले विश्वको छैटौं स्थान ओगटेको छ, त्यसो त यो बिस्तारै प्रथमस्थान ओगट्ने क्रममा छ, मंसिर, पुस अझ फागुनमै पनि पहिलो दर्जा प्रदूषणको एक नम्बरी हामी पहिले यसअघि धेरैपल्ट भइसकेका छौं । नैतिकता, निष्ठा र इमानदारी, सच्चरित्रताको नामोनिसान नभेटिने पनि हामी नै भएका छौं ।

गण्डकीका गुन्डा नायके जो पदमा हालिमुहाली गरिरहेका थिए, अपराधी ठहरिँदै कारागार पसेका छन् भने पूर्वका मुख्यमन्त्री भनिएका लोकतन्त्रका संवाहक मानव बेचबिखनमा जापानबाट डिपोट भई प्रहरी हिरासतमा रहेका छन् । पंक्ति तयार गरुन्जेल नयाँ दलका अर्का नाइके कहिले भैरहवा कहिले पोखरामा प्रहरी हिरासतमा छन् । छ्यालीसको परिवर्तनपछि देखिएका परिवर्तनकारी शक्तिहरू नडामिएका सायद कमै होलान् । सबै बेठीक होलान् यो आशय होइन तर केटी काण्डदेखि, भुटानी शरणार्थी, बाँसबारी जग्गादेखि बाल मन्दिर, बालुवाटार प्रकरण, यति, ओम्नीदेखि गिरिबन्धु अनि सगरमाथाको जमिन अतिक्रमण र ठेक्कापट्टा, लघुवित्त सहकारीदेखि सुन काण्ड, पासपोर्ट काण्डदेखि दर्जनौं अन्य काण्डहरू नछचल्किएको दिन छैन, रात छैन, पूर्वदेखि पश्चिम दिशासम्म, देशको भूगोल छैन भन्दा हुन्छ । अविकसित कर्णालीदेखि सुदूरपश्चिमसम्म हैजाझैं फैलिएको छ भ्रष्टाचारका काण्डहरू र सबैभन्दा बढी बेरुजु स्थानीय सरकारसँग छ । राज्यको चरम दोहन गर्न प्रशासनदेखि राजनीतिकर्मीहरू माहिर भइसकेका छन् । अख्तियार र सीआईबीको टिमलाई भ्याइनभ्याइ भैसकेको छ । नीतिगत भ्रष्टाचारको वजन बढ्दै गएको छ । व्यापारीहरू राजनीतिमा संलग्न हुँदा असल व्यापार हुन सकेको छैन भने सरकारी बक्यौता नतिर्न पनि माहिर भइसकेको अवस्था छ, एनसेल काण्डदेखि ट्रंक, डेडिकेटेड विद्युत् लाइनले सञ्चारक्षेत्रलाई गतिलो मसला बनेको छ ।

को सत्ता पक्ष, को प्रतिपक्ष भिन्नता छैन देशमा, यसरी तीव्र विकास भएको छ कि राति ढिलो गरी सुतेर चाँडै ओछ्यानबाट उठ्दा हिजोको सरकार ढलिसकेको हुन्छ, नयाँ लगभग बनिसकेको हुन्छ । अदालतले संसद् ब्युँताएर समय तोकेर कार्यकारी नियुक्ति दिने देश पनि हाम्रो लोकतन्त्रकै भएको छ भने व्यापारी मारवाडीलाई पशुपतिको जग्गामा मोहियानी हकदैया पुग्दैन पनि अदालतले नै भनिदिनु परेको छ । सम्बद्ध कानुनले काम गर्दा केन्द्रबाट अवरोध आउने महानगरको डोजरको साँचो केन्द्रीय गृह प्रशासनले खोसिदिने अनि अदालततिरबाट आदेश आउनुपर्ने अचम्मको लोकतन्त्र छ हाम्रो देशमा । यहाँसम्म कि नदीहरूको पानी बग्ने भूमिलाई पनि अदालतको सहारा आवश्यक परेको छ । लोकतन्त्रका मेसिनरीहरू यतिसम्म कच्चा र निष्क्रिय भएको सायद राणाकालमा पनि थिएनन् होला । सिंहदरबारमै राष्ट्रसेवकहरू धर्ना र जुलुसमा हुन्छन् र सडकमा पोखिएका राजनीतिकर्मीहरूमाथि नारा-जुलुस लागेकै भरमा अश्रुग्यास, पानीको फोहरा, निषेधाज्ञा भनौं धरपकड केही बाँकी नै रहन्न । अब त दर्जनौं सांसदहरूलाई अदालतको मानहानिको मुद्दा पनि लागिसकेको छ ।

राज्यले हरित कर थपेको छ इन्धनमा, अन्य कर प्रदूषण नियन्त्रण भन्दै मनग्य असुलेको छ, तर प्रदूषण नियन्त्रणमा छैन, पूर्वाधार कर लिएको सरकारले सडक मर्मत कर पनि लिएको छ तर सडक दुर्घटना बढेका छन्, करको सदुपयोग भएको छैन र करको मात्रामा लोकतन्त्रले भारी वृद्धि गरेकाले आम जनसमुदाय प्रताडित छन्, देश छाडेर बाहिरिएका छन्, खान-लाउन समस्या छ, खाडीको बास छ, बाकसमा लास छ, बिरामी उपचार, शिक्षा ज्यादै महँगो भएको छ, खेतबारीमा अन्न उब्जा छैन भएको पनि बाढीपहिरोमा परेको छ । देशमा खाद्यान्नको आयात बढेको छ, अन्य विषयको आयात पनि गर्नुपरेको छ, उत्पादित वस्तुको निर्यात नाम मात्रको छ, व्यापारघाटा तीव्र छ र देश भयंकर ठूलो ऋणमा छ ।

जलवायु कोप सम्मेलनामा गएर विदेशीसँग हात फैलाउनुपरेको छ, यथार्थमा सुनको कचौरा लिएर हामी भिक्षा माग्ने भएका छौं । अमेरिकामा ट्रम्पको उदयसँगै अमेरिका र चीनको व्यापार युद्धले हाम्रो देशलाई के कति असर गर्ला, कूटनीतिक पहल, परिश्रम जरुरी होला कि ? बा हामी बिनाएजेन्डा उत्तरतिर लहसिन लागेका छौं कि ? सन् १९१७ देखि उत्तरी छिमेकी मित्रले हामीलाई के दिन्छु भनेको थियो, त्यो दिएको छैन कि ? अहिले चीनतिरको भ्रमणमा दौडधुप किन बढेको ? निम्तो तीन जनालाई आउँदा अजरबैजानको कोप २९ सम्मेलनमा तीस जनाको जन्ती लग्यौं हामीले, व्ययभारको लेखाजोखा भयो त । यसबाटै पनि स्पष्ट हुन्छ हामी आयभन्दा धेरै खर्च गर्दै छौं र देश ठूलै र विषम आर्थिक दुष्चक्रमा फसेको छ । विदेशीका अगाडि हामीलाई मुख देखाउन लाजै लाग्दैन । बजार त्यसै अनियन्त्रित भएको होइन हाम्रा हरेक बजेट भाषणले उपभोक्ताका गाँस खोसिरहेका हुन्छन्, प्रत्यक्ष र अप्रत्यक्ष कर वृद्धि गरिरहेको हुन्छ । भद्दा लोकतन्त्रका संयन्त्र सञ्चालनका लागि धेरै राजस्व चाहिएको छ, खर्च अधिक बढेको छ, वडाध्यक्षहरूलाई पजेरो नै चाहिएको छ, सल्लाहकार नै कति धेरै छन् घाम तापेर बसेका छन्, देशमा काम नभएर धेरै सार्वजनिक बिदाहरू थपिएको छ ।

लोकतन्त्रमा सुशासन हुन्छ, तर हामीकहाँ असल शासनको छनक पाइँदैन, अनुशासनको पाठ पढाइन्छ, व्यवहारमा देखिन्न । विकेन्द्रित शासन सत्ता भनिन्छ, श्रीहरूको आदेशबाहेक अरू संस्थाहरू निरीह रहन्छन् । विद्युत्कै कुरो गर्दा पनि प्राधिकरणको सञ्चालक समिति छ, नियमन आयोग छ, ऊर्जा मन्त्रालय छ, निश्चित ऐन र विधान, कानुन छन्, देशैभरि संयन्त्रहरू परिचालित छन् तर बालुवाटारकै आदेश जारी हुन्छ लाइन जोड्नसमेत । न्युरोडमा पेटी बनाउन र भत्काउन पनि केन्द्र नै चाहिने संघीयता पनि पालेकै छौं हामीले । केन्द्रमा जाने सानातिना राजनीतिक भूकम्पको परकम्पन तलैसम्म पुग्ने गरेको छ । एकतिरको छिमेकीलाई सुम्सुम्याउँदै गर्दा अर्को छिमेकीको गर्धन बढाउने गरी काम गर्छौं हामी, असंलग्न परराष्ट्र नीतिको परिपालना भयो कि भएन ? चुच्चे नक्साको व्यावहारिक प्रयोग पनि खोज्न सक्तैनौं ।

सकेसम्म नदीनालाहरूको स्वहितको प्रयोग गर्न पनि सक्दैनौं, पर्याप्त सिँचाइको अभाव छ, पिउने पानीको अभाव छ तर हजारौं नदीनालाको पानी खेर गएको छ, सवा सय वर्षमा ३ हजार मेगावाट विद्युत् उत्पादन गर्न नसकेको अवस्थामा स्वदेशमा उद्योगधन्दामा प्रयोग हुनुपर्ने बिजुली विदेशीलाई बेच्न पाइयो भन्दै मक्ख परेका छौं । जनशक्ति निर्यात गर्न लालायित लोकतन्त्र त्यसबाट आर्जित रकमले पालिएको संयन्त्रले हाम्रो कच्चा पदार्थ बिजुली बेचेर धनी हुने प्रयास गर्दै छ । बिजुलीको स्थानीय प्रयोग बढाएर पेट्रोलियम पदार्थको धेरै आयातलाई घटाउनेतिर ध्यान गएको देखिन्न, बिजुली नै पनि हामीले आयात नै गरेका छौं, घरेलु उपभोक्ता प्रयोग पनि संसारकै तुलनामा महँगो छ ।

पूर्वाधार, परियोजनाहरूको लागत र समय वृद्धि भइरहने, ठेकेदारले समयमा काम नगरिदिने, असरल्ल पारेर काम छोड्दै राजनीतिक भेटघाट बढाउने गरिरहेका छन् । सुरुङमार्ग भनियो, रेलमार्ग भनियो, घरघरमा ग्यास पाइपलाइन भनियो, बिजुली बटम थिचेर सयौंको संख्यामा स्वास्थ्य संस्थाहरू उद्घाटित भए, हवाइजहाजका ठूला विमानस्थल बने, फेरि बनाइने चर्चा छ तर विमानहरू सञ्चालन भएका छैनन्, पर्यटकहरूको संख्या वृद्धि भनिरहँदा बसाइको दिन संख्या बढाउन सकिएको छैन । शिक्षाको नाममा नेपाली रकम विदेसिने क्रम बढेको छ । समाज स्खलित हुँदै छ, बाख्रा चोरेको अभियोगमा भर्खरै धनगढीमा एक युवकको हत्या भएको छ । सामाजिक संस्थाहरूमा पनि पैसाको मोह बढेको छ, टोल सुधारका नाममा स्थानीयसँग मनग्य रकम असुल्दा स्थानीय सरकार मौन छ, खादा-माला लाउनमै व्यस्त छ । जनताको खुसी भ्रममा बाँचेको छ, यथार्थमा होइन । तिलस्मी चुनावी नाराले मतदाता निराश छन्, अल्पमतको लोकतन्त्र बाँचेको छ ।

एक निर्वाचन क्षेत्रमा १० जना उम्मेदवार छन्, १० तिर मत विभाजित छ, एक जना जितेको मत संख्याभन्दा नजितेको विभाजित मत संख्या कैयन गुणाले बढी छ, जित्ने अल्पमतको व्यक्ति सिंहदरबार, बालुवाटार गएर रजगज गर्छ, हुकुमी शासन चलाउँछ । वास्तवमै लोकतन्त्रको अभिशाप भएको छ यो, एक चुनावक्षेत्रमा विजयी भएर आफ्ना बा अरू विपरीत सिद्धान्तका सहयात्री लिएर सिंहदरबार छिर्ने अनि छिटो छिटो सत्ता परिवर्तन गरिरहने प्रणाली कसरी प्रजातन्त्र हुन्छ ? विश्लेषकहरूले तर्क गरेका छन्, ह्वीप जारी हुन्छ, स्वतन्त्र मत प्रस्तुत हुन पाउँदैन । देशको मूल राष्ट्रिय संस्कृति नझल्कने गरी विदेशीको इसारामा नेसनल आईडी बन्दै छ, धर्म, संस्कृति, वेशभूषा, पहिरन कुनै आफ्नो नहुने गरी खिचाइएको फोटोलाई मात्र मान्यता दिन खोज्नुको के रहस्य हुन्छ र यो नेसनल आइडी नहुँदा राष्ट्रसेवकहरूले ऐनद्वारा खाइपाइ आएको पेन्सन र वृद्धहरूले पाइआएको वृद्धभत्ता रोकिनु दुःखद विषय हो ।

यसमा अदालतको आदेशलाई पनि कार्यान्वयन नगरिएको यथार्थ छ । यसर्थ हाम्रो लोकतन्त्रले नेपालीहरूको मन मस्तिष्कलाई गहिराइसम्म छुन सकेको छैन, सतही लोकतन्त्र दिगो हुन्न, भाइभतिजा र नातागोताले चलाएको लोकतन्त्र धेरै देशमा संकटमा परेको छ । योग्यता, क्षमता र विज्ञताको कदर नहुने ठाउँमा लोकतन्त्र टिक्दैन, जहाँ असल शासन छैन, पारदर्शिता छैन, जिम्मेवारीबोध छैन, फटाहाहरूको मात्र हालीमुहाली भइरहन्छ भने त्यस्तो लोकतन्त्र देशको अभिशाप हुन्छ ।

राजधानीबाट

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौं । साताको पहिलो कारोबारको दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढेको छ । परिसूचक चार दशमलव ९८ अङ्कले बढेर दुई हजार सात सय ५३ दशमलव ७६ को बिन्दुमा कायम भएको छ ।

विभिन्न कम्पनीका तीन सय २६ कम्पनीको दुई करोड ४४ लाख २६ हजार नौ सय कित्ता शेयर एक लाख १३ हजार दुई सय ५२ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ७२ करोड ६७ लाख ५६ हजार नौ सय चार बराबरको कारोबार भएको छ ।

बैंकिङ शून्य दशमलव २१, वित्त एक दशमलव ६३, उत्पादन तथा प्रशोधन एक दशमलव १३ र निर्जीवन बिमा समूह शून्य दशमलव ६९ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक दुई दशमलव २१ प्रतिशतले बढेको छ ।

त्यस्तै, विकास बैंक शून्य दशमलव ६२, जलविद्युत् शून्य दशमलव ८५, लगानी शून्य दशमलव १७, जीवन बिमा शून्य दशमलव २१, लघुवित्त एक दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव २९, व्यापार शून्य दशमलव २४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ ।

उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने समृद्धि फाइनान्स कम्पनी लिमिटेड र गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु ४५ करोड १७ लाख १० हजार तीन सय ७२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको सबैभन्दा धेरै १२ लाख ४२ हजार तीन सय ८९ कित्ता शेयर किनबेच भएको छ ।

# यस्ता छन् अदुवा खानुका फाइदाहरू

अदुवा नचिन्ने मानिस संसारमै शायदै होला । हामी नेपालीहरुको भान्छाघरमा त सजिलै उपलब्ध हुने, अझ भनौं नभई नहुने मसलामध्येको एक हो अदुवा । अदुवाको अभावमा हाम्रो भान्छाघरमा पाक्ने परिकारहरु शायदै स्वादिलो होलान् ।

त्यसो त अदुवा खानेकुरा स्वादिलो बनाउने जरुरी मसला मात्रै हैन, औषधीको भण्डार पनि हो । इतिहासलाई फर्केर हेर्दा आजभन्दा करिब ४००० वर्षअगाडिदेखि नै मानिसले अदुवाको प्रयोग गर्दै आइरहको पाइन्छ ।

खासगरी, दक्षिणपूर्वी एशियामा उत्पत्ति थलोमा मानिएको अदुवा चीनमा २००० वर्ष पहिलेदेखि नै औषधीको रुपमा पनि प्रयोग हुँदै आइरहेको छ । आजभोलि त अदुवा संसारभरि नै उत्पादन हुने गर्छ । यसो हुनुको कारण चाहिँ यसको मसलामा उपयोग त हुँदै हो, त्यसबाहेक यसका औषधीय गुणहरुबारे मानिसले थाहा पाएर पनि हो ।

अदुवालाई विभिन्न रुपमा प्रयोग गर्ने गरिन्छ । यसलाई काँचै पिनेर लेदोको रुपमा, सुकाएर पिनी धुलोको रुपमा तथा प्रशोधन गरेर तेल निकालेर पनि अदुवालाई प्रयोग गर्ने गरिन्छ । यो चियादेखि खानेकुराहरु अनि आयुर्वेदीय-जडीबुटी औषधीहरुमा व्यापक मात्रामा प्रयोग हुने गर्छ ।

**अदुवाका फाइदाहरु**

भनी बस्नै परेन- अदुवाले खानेकुरा स्वादिलो बनाइदिन्छ । त्यसबाहेक यसको औषधीय गुणहरु पनि कम छैन । अदुवामा जिन्जेरोल (नष्लनभचर्या) र सोगावोल (कजयनबर्या) जस्ता बायोएक्टिभ तत्वहरु हुने गर्छन् ।

यी तत्वहरुमा डाहा कम गर्ने तथा एन्टिअक्सिडेन्ट गुणहरु हुन्छन् । वाकवाकी लाग्ने समस्यामा त यो अत्यन्तै प्रभावकारी हुने गर्छ । खासगरी, बिहानको समय लाग्ने वाकवाकी, यात्रा गर्दा हुने वाकवाकी तथा अपरेशन गरिसकेपछि वा केमेथेरापी गरेपछि लाग्ने वाकवाकीहरुको रोकथाममा यो अत्यन्तै उपयोगी हुने गर्छ ।

त्यसैगरी, अदुवाले महिनावारीको समयमा हुने पेट दुख्ने तथा मासु बाउँडिने समसया अनि वाथरोगका कारण मांसपेशीहरु कडा हुने समस्यामा पनि राहत मिल्छ । खाना राम्ररी पचाउन, हाम्रो शरीरको रोग प्रतिरोधी क्षमतलाई सही ढंगले काम गर्न समेत अदुवाले सहयोग गर्छ ।

अदुवाले मुटुलाई स्वस्थ राख्न पनि सहयोग गर्छ । अदुवामा घाँटी दुखेको वा स्वर बसेको, रुघाखोकी लागेको, मांसपेशीहरु दुखेको समस्यामा पनि अदुवाको सेवनले राहत पुग्छ । त्यसबाहेक, यसले रगतमा चिनीको मात्रालाई नियन्त्रित राखेर शरीरको स्वास्थ्यलाई ठीक अवस्थामा राख्न समेत काम गरिरहेको हुन्छ ।

अदुवाले मस्तिष्कको कार्यक्षमतालाई सही ढंगले सञ्चालित हुन तथा स्मरण शक्तिलाई दुरुस्त राख्न सहयोग गर्छ । कतिपय विज्ञहरुको भनाइमा त यसले यौन क्षमतालाई सही राख्न समेत भूमिका निर्वाह गर्ने गर्छ । यसबारेमा पनि विभिन्न अध्ययनहरु भइरहेका छन् ।

**कति खाने अदुवा ?**

धेरै खायो भने चिनी पनि तीतो हुन्छ भन्ने नेपाली उखान नै छ । त्यसैले कुनै पनि चीज फाइदा गर्छ भन्दैमा जथाभावी धेरै खानु पनि हुँदैन । सामान्यतः एउटा स्वस्थ मानिसले दिनको ४-५ ग्राम अदुवा खानु ठीक मानिन्छ भने गर्भवती महिलाले चाहिँ १ ग्रामसम्म खानु ठीक हुन्छ ।

त्यसैगरी, २ वर्षभन्दा मुनिका बच्चालाई अदुवा नखुवाउनु नै जाति मानिन्छ । धेरै अदुवा खायो भने वाकवाक लाग्ने, छाती पोलेको जस्तो हुने र कोहीकोहीलाई त पखालासमेत लाग्ने गर्छ । त्यसैगरी, पाइल्सको समस्या हुनेहरुलाई पनि अदुवाले फाइदाभन्दा बेफाइदा गर्ने गर्छ । त्यसैले त्यस्ता रोगीहरुलाई अदुवा नखान नै सल्लाह दिने गरिन्छ ।

अदुवाले रगत पातलो बनाउने काम पनि गर्छ । त्यसैले रक्तस्राव हुनेहरुलाई पनि अदुवाले फाइदा गर्दैन । त्यस्ता समस्या हुनेहरुले अदुवा नखाएकै जाति । त्यसबाहेक, लामो समयदेखि औषधी सेवन गर्दै आइरहेका दीर्घरोगीहरुले पनि अदुवा खानुपूर्व आफ्ना चिकित्सकसँग सल्लाह गर्नु उचित हुन्छ ।

# बौद्ध विश्वविद्यालयमा नेपाल–चीन मित्रता स्तम्भ स्थापना



लुम्बिनी । लुम्बिनी बौद्ध विश्वविद्यालयमा नेपाल–चीन मित्रता शिला स्तम्भ स्थापना गरिएको छ । विश्वविद्यालयको बौद्ध अध्ययन संकायबाट आइतबार एक समारोहको आयोजना गरी मित्रता शिला स्तम्भ अनावरण गरिएको हो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्य र चीन–नेपाल साँस्कृतिक आदानप्रदान केन्द्रका अध्यक्ष ली पोज्यूले बुद्ध जन्मस्थलमा रहेको विश्वविद्यालयको बौद्ध अध्ययन संकायको कार्यालय परिसरमा रहेको सो स्तम्भको अनावरण गरेका हुन् ।

कार्यक्रममा बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. बज्राचार्यले स्तम्भ अनावरणसँगै नेपाल र चीनबीचको सम्बन्ध अझैं सुमधुर बन्दै जाने विश्वास व्यक्त गरे । बौद्ध विश्वविद्यालको विकास र शैक्षिक उन्नयनमा चीनको सदैव सकारात्मक सहयोग रहँदै आएको बताउँदै उनले आगामि दिनमा नेपाल चीनबिचको साँस्कृतिक आदानप्रदान रहिरहने उल्लेख गरेका थिए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयलाई अन्तर्राष्ट्रियस्तरमा विकास गरी विदेशी विद्यार्थीलाई आकर्षण गर्ने गरी योजना अघि बढाइएको भन्दै उनले यी योजना सफल बनाउन सबैको साथ र सहयोग आवश्यक रहेकोमा जोड दिए ।

चीन-नेपाल साँस्कृतिक आदानप्रदान केन्द्रका अध्यक्ष ली पोज्यूले सबैको समूहिक प्रयासमा मित्रता स्तम्भ राख्ने काम सफल भएको बताउँदै यो प्रयासले विश्वविद्यालय र चिनियाँ जनताबिचको सम्पर्क र सहकार्य बलियो हुने उल्लेख गरे । "हाम्रो केन्द्रले विगत दश वर्षदेखि नेपाल र चीनका विविध क्षेत्रहरु र व्यक्तिहरुको सहकार्य गर्ने आधार प्रदान गर्दै आएको छ", उनले भने-"आगामी दिनमा बुद्धभूमिबाट बुद्ध अनुयायीलाई सुख, शान्ति र समृद्धि प्राप्त होस् ।"

चीनका प्रसिद्ध क्यालिग्राफी कलाकार क्वान तोंगले आफ्नो कलाकृति चीनको परम्परागत सँस्कृति "फू" लिपीसँग सम्बन्धित रहेको जनाउँदै जसले आफैंमा गहन अर्थ र भाव व्यक्त गरेको र स्थापित शिलामा बुद्ध ज्ञानसँग सम्बन्धित बोधीको प्रतिनिधित्व गर्ने पिपलको पात र बुद्धरुप चित्रित गरेको जानकारी गराए ।

नेपाल र चीनबिचको प्राचीन सँस्कृतिको अन्तरघुलन होस् भन्ने अभिप्रायले स्थापना गरिएको शीलामा चीनमा प्रतिष्ठित बहुमूल्य मानिने कलाकृति अभिलेख गरिएको छ ।

नेपाल र चीनबिचको सम्बन्ध विस्तारका लागि शीला स्तम्भ स्थापना गरिएको बौद्ध अध्ययन संकायका डीन डा. माणिकरत्न शाक्यले जानकारी दिए ।

लामो समयको प्रक्रियापछि करिब तीन महिना अगाडि शीला स्तम्भ लुम्बिनीमा ल्याइएको र विशेष समारोहकाबिच चिनियाँ प्रतिनिधिको रोहबरमा अनावरण गरिएको परम्परागत बौद्ध चिकित्साका लागि प्रमुख अनुसन्धान केन्द्रका प्रमुख डा. सागर न्यौपाने जानकारी दिएका थिए ।

**राजधानी...**

लगानी सुनिश्चित गरेर हरित र सुविधा सम्पन्न शहर निर्माणको योजना बनाइएको हुँदा प्रदेश सरकारले विदेशी दातृ निकायसँग पहल गरिरहेको उनले बताए । राप्ती गाउँपालिकाका सबै वडा, गढवा गाउँपालिकाको वडा नं. १, २ र ३, शितगंगा नगरपालिकाको वडा नं ८ र ९ लाई राजधानी क्षेत्र भित्र समेटिएको थियो । राजधानी क्षेत्रभित्रको १२ हजार विगाह जग्गामध्ये यस वर्ष एक हजार विगाह जग्गालाई एकिकरण योजनाभित्र राखिएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले बताए ।

उनका अनुसार राजधानी क्षेत्रको जग्गालाई १४ ब्लक निर्माण गरिएको छ । पहिलो चरणमा तीन वटा ब्लकबाट जग्गा एकिकरणको काम अघि बढाउने योजना छ ।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, ईश्मा गा.पा. वडा नं. ०१, बस्ने श्री दल बहादुर खत्रीको नाती श्री नम बहादुर खत्रीको छोरा श्रीमती पातली भन्ने पातली कुमारी खत्रीको पती बर्ष ६५ को श्री कृष्ण बहादुर थापा भन्ने कृष्ण बहादुर खत्री (नागरिकता नं. १४३० जि.प्र.का गुल्मी मिति २०४८/०९/११ मा जारी) को मिति २०७८/१०/१७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३००१८३ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती पातली भन्ने पातली कुमारी खत्री ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री कृष्ण बहादुर थापा भन्ने कृष्ण बहादुर खत्री (नागरिकता नं. १४३० जि.प्र.का गुल्मी मिति २०४८/०९/११ मा जारी ) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९–५२१०२९,**
**फ्याक्स ०७९–५२११९४**

## कर्मचारी हराएको/ सम्पर्कमा नरहेको सूचना नं.

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस ओम इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि. (श्रम इजाजत पत्र नं. १४३७)०७४/०७५ मा को बुटवल शाखा कार्यालय (चलानी नं. २३७१) रिकुमेन्ट अफिसर पदमा कार्यरत कर्मचारी रोहित भण्डारी नागरिकता नं. ३७-०२-७०-०२५१९, सैनामैना वडा नं. २ घर भइ जिल्ला रुपन्देही यस कम्पनीको बुटवल शाखा कार्यालयमा २५/०७/०८१ बाट शाखा कार्यालयमा नआएको तथा निजको परिवारबाट पनि घर नपुगेको सूचना इ.प्र.का बुटवल रुपन्देहीमा दिईएको हुँदा सर्वसाधारणको जानकारीका लागिमा सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैसियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कोही कसैको कोही गुनासो भएमा अथवा कसैको सम्पर्कमा निज व्यक्ति आएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**प्रधान कार्यालयः टोखा–५, काठमाण्डौं बसुन्धरा**

**ओम ईन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.**

**शाखा कार्यालय बुटवल–७, शुक्रपथ, रुपन्देही**

## शुद्धोधन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**मानपकडी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## दरभाउ –पत्र स्वीकृत गर्ने आशयको सूचना

मिति २०८१/०८/०३

यस गाउँपालिकाको आ.व.२०८१/८२ को स्विकृत कार्यक्रम अन्तरगत मिति २०८१/०६/०९ को सूचना बमोजिम E–GP मा दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरू मध्ये तपशिल अनुसारको दरभाउपत्र दाताले पेश गरेको दरभाउ पत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं | बोलपत्र दाताको नाम र ठेगाना | कामको बिवरण | कबोल रकम (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| १ | NCB/SRM/ Goods 01/080/81 | चुन चुन फार्मेसी, रामघाट -१० पोखरा | औषधी तथा औषधीजन्य समानहरु खरिद गर्ने कार्य | १९८०६१८.०० |

## मालिका गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**अर्खावाङ्ग, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०३

१. यस मालिका गाउँपालिका बाट आर्थिक वर्ष २०८१/०८२ को अवधिको लागि तपशिल वमोजिमको स्थानहरुमा ढुङ्गा ,गिटि, बालुवा लगायतका नदीजन्य पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का बढाबढ प्रक्रिया द्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक ,व्यक्ति ,फर्म संस्था वा कम्पनिहरुले तपशिल वमोजिमको शर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सुचित गरिन्छ ।
२. यो सुचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म सिलबन्दी दरभाउपत्र फारम यस कार्यलयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणीत ईजाजत प्रत्र,अध्यावधिक नविकरण फर्म, सस्था वा कम्पनि दर्ताको प्रमाणीत प्रमाण पत्र, मुल्यअभिबृद्धि करमा दर्ताको प्रमाणीत पत्र, स्थायी लेखा नं. (PAN) प्रमाणीत पत्र, आर्थिक वर्ष २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, नियमानुसारको तपशिलमा उल्लेख सिलबन्दी दरभाउपत्र दस्तुर ग्लोवल आइएमइ वैंक, शाखा कार्यालय अर्खावाङ्गमा रहेको आन्तरिक राजश्व खाता नं.- ग १-१-३६००४०१००००००६ मा जम्मा गरी भौचरसाथ निवेदन पेश गरेपछी नियमानुसार छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।
३. सिलबन्दीदरभाउपत्र १६ औ दिनको १२ बजे सम्म पेश गरि सक्नु पर्ने र सोहि दिनको ठीक १ बजे मालिका गाउँकार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा सिलबन्दी दरभाउपत्र खोलिने छ ।
४. सिलबन्दी दरभाउ पत्र साथ आफुले कवोल गरेको अङ्कको ५ प्रतिशत धरौटी मालिका गाउपालिकाको ग्लोवल आइएमइ वैंक, शाखा कार्यालय अर्खावाङ्ग गुल्मीमा रहेको धरौटी खाता नं. ३६००४०१००००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टी लाई समेत मान्यता दिईने छ ।
५. रकम तिर्न किस्ता गरि बुझाउनु पर्ने छ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिने छ ।
६. कबोल गरेको रकमअङ्क र अक्षरमा स्पष्ट लेख्नु पेर्नेछ । पहिले नै एक मुस्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिनेछ ।
७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झैतापुर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ ।अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी परफमेन्स बोण्ड बनाई पेश गर्नु पर्नेछ । रित नपुगि वा म्याद नागिआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. नियमानुसार लाग्ने सम्पुर्ण कर ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।
९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. ठेक्काका अन्य शर्तहरु सिलबन्दी दरभाउपत्रमातोकिएअनुसार हुनेछ ।
११. यस सुचना मा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**थप जानकारी लागी** ९८५७०६७९०६/ ९८५११२९१४९ **मा सम्पर्क गर्नुहुन ।**

| ठेक्का न. | ठेक्काको विवरण | इकाई | उत्खनन गर्न सकिने परिमाण (घ मी) | न्युनतम ठेक्का अङ्क (मु अ कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-13-2081/82 | घमिरखोला (सिलादी खोला क्षेत्र समेत)मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १७६ | ३७३७६।०० | १००० | |
| OMRM-GUL-SQ-14-2081/82 | हुल खोला क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १६० | ३३९०१।०० | १००० | |
| OMRM-GUL-SQ-15-2081/82 | गिठे कटाह मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १५८ | ३३३७२।०० | १००० | |
| OMRM-GUL-SQ-16-2081/82 | कटाहा शाहीरुम्टा मालिका ८क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ३६० | ७६२७८।०० | १००० | |
| OMRM-GUL-SQ-17-2081/82 | फूलवारी घाट मालिकाट-ठ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ५६७ | १२०१३८।०० | १००० | |
| OMRM-GUL-SQ-18-2081/82 | अल्छ्याङ मालिका ८क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १२९६ | २७४६०२।०० | १००० | |
| OMRM-GUL-SQ-19-2081/82 | तिलाकाटे मालिका ८ वगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ११५२ | २४४०९०।०० | १००० | |
| OMRM-GUL-SQ-20-2081/82 | नेटा लिलिङ बडिगाढ तथा दुनाम क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ७५६ | १६०१८४।०० | १००० | |
| OMRM-GUL-SQ-21-2081/82 | सिस्नेरी घाट (निस्दी खोला)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १४४ | ३०५११।०० | १००० | |
| OMRM-GUL-SQ-22-2081/82 | डाडाखेत, वडार हाइड्रोपावर (निस्दी खोला)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १३२ | २७९६९।०० | १००० | |
| OMRM-GUL-SQ-23-2081/82 | अर्जे खोला क डढुवा वगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ३८४ | ८१३६३।०० | १००० | |
| OMRM-GUL-SQ-24-2081/82 | अर्जैखोला ख साउवोट वगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ७८४ | १६६११७।०० | १००० | |

प्रमुख प्रशासकीय अधिकृत

## महाराजगंज नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**
**महाराजगंज, कपिलवस्तू**
**लूम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सूचना ।

प्रकाशित मिति २०८१/०८/०३

यस कार्यालयको तपशिल बमोजिम मिति २०८१/०५/११(२७, Aug ,२०२४) मा बिद्यूतीय मध्यमबाट निर्माण कार्य लागी राष्ट्रीय दैनिक पत्रिकामा सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पूर्वक दर्ता हून आएका तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका दरभाउपत्र न्यूनतम मूल्यांकिंत तथा सारभूत रुपमा प्रभावकारी रहेका भनि बोलपत्र मूल्याकंन समितिबाट सिफरिस भै आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशय सम्बन्धी सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सुचना प्रकाशित मिति | ठे.न. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | २०८१/०५/११ (27, May ,2024) | 01/KPIL/MM/BDG/WORKS/2081/082 | Shree Falhari Baba Bhahumukhi Campus 12 Kothe Bhawan Nirman | Pratham Engineering Construction And Suppliers P.L. | ८,१६९,०५३.४८ |

प्रमूख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

रुपन्देही सुपरलिगः

# नेपथ्य ज्ञानोदयद्वारा बुटवल युथमाथि १० विकेटको जित




भैरहवा । लक्ष्मण खत्रीले ५ विकेट र भुवन गैरेले विष्फोटक ब्याटिङ गर्दै अविजित ९९ रन बनाएपछि रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा डिभिजन 'बी'को आइतबारको खेलमा नेपथ्य ज्ञानोदय क्रिकेट क्लबले सानदार जित निकालेको छ । नेपथ्यले बुटवल युथ क्लबलाई १० विकेटले पराजित गर्दै जित हात पारेको हो ।

सिद्धार्थ क्रिकेट मैदानमा भएकाले खेलमा जितका लागि पाएको १ सय ४२ रनको लक्ष्य नेपथ्यले विना क्षति सहजै पूरा गर्यो । उसले मौसमका कारण ४० ओभरमा छोट्याइएको खेलमा १६ ओभरमा १ सय ४६ रन बनाउँदै जित निकाल्यो । बलिङमा बुटवल युथका कुनै पनि खेलाडीको राम्रो प्रदर्शन भएन र विकेट लिन सकेनन् । नेपथ्यको जितमा भुवनले ९९ रन बनाउँदा कुशल ढकालले नटआउट २१ रनको योगदान गरे । नेपथ्यले २६ रन अतिरिक्त नै पायो ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल युथले २५ ओभर ४ बलमा अलआउट हुँदै १ सय ४१ रन बनाएको थियो । उसलाई सस्तैमा रोक्न बलिङमा नेपथ्यका लक्ष्मण खत्रीले ७.४ ओभरमा ३४ रन खर्चेर ५ विकेट लिँदा युवराज सेनले ३ र सन्तोष क्षेत्रीले २ विकेट लिन सफल भए । बुटवल युथका निरज भण्डारीले अविजित ८१ र सोनु मल्लाहले १७ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम पराजित भयो । खेलमा लक्ष्मण खत्री प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ ।

# पुर्ख्यौली पेशामा रमाउँदै नन्दलाल विश्वकर्मा



**गौरीशंकर जयसवाल**

*परासी*

टक टक घन पिटेको आवाज परैबाट सुनिन्छ । पछिल्लो समयमा यस्तो आवाज बिरलै मात्र सुन्न पाइन्छ । आगोमा तताएर आकार दिन परिएको फलाम ।

फलामालाई सनासोले समाएर घनले पिट्दै गरेका नन्दलाल (लोहार )विश्वकर्मा । उनले बिहानदेखि फलामको विभिन्न आकार दिनलाई व्यस्त देखिन्छन् । विश्वकर्माको सानो आरन व्यवसाय छ ।

पश्चिम नवलपरासीका रामग्राम नगरपालिकाको वडा नं. ३ मा आरन व्यवसाय गर्दै ६६ वर्षीय नन्दलाल (लोहार )विश्वकर्माले पूर्खाको आरन व्यवसाय धानेका छन् ।

उनले हजुर बुवा र बुवाको पुर्ख्यौली आरन पेशा आङ्गाल्दै आएका छन् । उनी भन्छन्-'३३ वर्षदेखि आरन पेशा गर्दै आएको, आफ्ना पुर्खाको आरन पेसामा अगाल्दा सन्तुष्ट नै छु ।'

उनीमात्र हैन उनको सबै परिवार यसै पेशामा लागेका छन् । उनी कामदार नराखेको उनको परिवारहरु उनको पेशामा उनलाई सघाउँदै आएका छन् । यही पेशाबाट आफ्नो परिवार पाल्दै आएको उनले बताए ।

घरायसी तथा खेती किसानी सामान्य कार्यका लागि प्रयोग हुने, हँसिया, खुर्पी, खुर्पा कोदालो, बन्चरो कुटो विश्वकार्माले बनाउन गरेका छन् । उनीले आफ्नै घरमा सानो आरन व्यवसाय गरेका छन् ।

उनले गाउँघरमा घरायसी तथा खेती किसानी सामान्य कार्यका लागि प्रयोग हुने, हँसिया, खुर्पी, खुर्पा कोदालो, बन्चरो बनाउन तथा मर्मतका लागि बिहानदेखि सर्वसाधारणहरूको घुइँचो लाग्ने गरेको बताए ।

उनले मेनहत गरेअनसुार र कामबापत पैसा नपाउने गरेको बताउँदै कोदालो मर्मत १०० लिने हँसिया ५० सानो आकारको, कुटो खुर्पा बन्चारो ५० मर्मत गरेको लिने गरेको बताए ।

विश्वकर्माले अर्डरअनुसार हँसिया, खुर्पी, खुर्पा कोदालो, बन्चरो बनाउने गरेको बताउँदै एउटा हँसिया बनाएबापत एक सय ५० रुपैयाँ, कोदालो दुई सय ५० देखि तीन सयसम्मलगायतको सामग्री बिक्री गर्दै आएको बताए । उनी भन्छन्-'सबै खर्च कटाएर वार्षिक ४० हजार रुपैयाँ आम्दानी हुने गरेको छ ।'

यो पेशा परम्परागत चलनअनुसार वार्षिक रूपमा तोकिएको प्रतिपरिवार ४० केजी धानबाट परिवारको खर्च धान्न नसक्दा समुदायका नयाँ बंशज अन्य पेशातर्फ आकर्षित भएको उनी बताउँछन् ।

यस पेसामा आय अत्यन्तै न्यून भएकाले अबका सन्तती अन्य पेसा रोज्दै शहर तथा वैदेशिक रोजगारीमा जाने गरेको उनी बताउँछन् ।

लोहसारीमा फलाम पिट्नु कठिन काम भएको तथा प्रयोग हुने कोइला महँगो भएको र कोइला तथा दाउरा अभाव रहेको भन्दै ज्यालादारी सन्तोषजनक नहुँदा आफ्ना छोराछोरीहरूलाई अन्य पेशामा लागेको उनले जनाए ।

'अहिले आधुनिक मेसिन प्रयोगले गर्दा पुर्ख्यौली आरन पेशा संकटमा परेको छ, त्यसमा पनि अहिलेको सन्ततीले अन्य पेशा रोज्दै आएका छन्, यसले गर्दा पनि पुर्ख्यौली आरन पेशा संकटमा परेको छ,'

विश्वाकर्माले भने-'घरेलु औजार विस्थापित हुदाँ पनि अझैं थ्रेसर बाली भित्र्याउँदा परामपरागत औजारहरु विस्थापित र विभिन्न किसिमका मेसिनहरु प्रयोग बढ्दा आरन पेशा संकटमा परेको छ ।'

# एमबीबीएसमा १५ जनासमेत कालिकाका ६४ जनालाई पूर्ण छात्रवृत्ति



बुटवल । बुटवलको कालिका मानवज्ञान माविबाट १२ कक्षाको अध्ययन पूरा गरेका १५ जनाले एमबीबीएसको प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकालेका छन् । अन्य विषयमा ४९ जना गरी विद्यालयका ६४ जनाले पूर्ण छात्रवृत्तिमा नाम निकालेका छन् ।

एमबीबीएस अध्ययनका लागि खुल्ला प्रतिस्पर्धामा सामुदायिक विद्यालयतर्फ एउटै वर्ष एउटै विद्यालयका १० जना विद्यार्थीले पूर्ण छात्रावृत्तिमा नाम निकालेको नेपालमै धेरै संख्या भएको प्रधानाध्यापक दिनेश थापाले बताए । कालिकाका उज्ज्वल काफ्ले, विवेक न्यौपाने, सुजल सुनार, आशिष बस्नेत, विष्णु चौधरी, सुदीप भट्टराई, रेजिना घती, कमरुद्दीन मुसलमान, अञ्जु पोखरेल र सागर कुँवरल एमबीबीएस अध्ययनका लागि पूर्ण छात्रवृत्ति पाएका हुन् । २०७९ को परीक्षामा ५ जनाले पूर्ण छात्रवृत्ति पाएका थिए ।

'अघिल्लो वर्ष ५ जनाले एमबीबीएसमा पूर्ण छात्रवृत्ति पाएका थिए, यो वर्ष दोब्बर विद्यार्थीले नाम निकालेका छन्,'-थापाले भने-'अरु विभिन्न विषयमा समेत गरी एउटै वर्ष एउटै विद्यालयका ५४ जना विद्यार्थीले पूर्ण छात्रवृत्ति पाउन सफल हुने कालिकाबाहेक अरु विद्यालय छैनन् ।'

कालिका मानवज्ञानका १३ जनाले बिएस्सी नर्सिङ, ५ जनाले बिडीएस, २ जनाले अप्टोमेट्रो, १ जनालेबीएमएलटी, ५ जनाले बी फार्मा, २ जनाले बीएस्सी भेटेरिनरी, २ जनाले बीएस्सी एजी, ३ जनाले बीपीएच ११ जनाले इञ्जिनिरिरिङ्ग अध्ययनका लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका विद्यालयका शिक्षक शिक्षक अरबिन्द दुबेले जानकारी दिए ।

विद्यालयले अघिल्लो वर्ष एमबीबीएसमा ५ जना र अन्य विषयमा ५ जनाले विभिन्न विषयको प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकालेकासहित ६४ जनालाई आइतबार विद्यालयमा एक कार्यक्रमकाबिच नगदसहित सम्मान गरेको छ ।

कालिका मानवज्ञानमा करिब ८ हजार विद्यार्थी अध्ययनरत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले बताए ।

विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिँदै आगामी दिनमा पनि अहिलेको जस्तै कालिकाको नाम उच्च राख्नको लागि आग्रह गरेका थिए । शिक्षाको लागि दरिलो जग भनेको नै विद्यालय तह भएको भन्दै उनले आफ्नो लक्ष्य निर्धारणको लागि विद्यार्थीहरुले कडा भन्दा कडा मिहिनेत गर्न आग्रह समेत गरेका थिए ।

अध्यक्ष ज्ञवालीले कालिका हरेक हिसाबले देशकै अब्बल सामुदायिक रहेको बताउँदै यसलाई सधैं निरान्तरको आवश्यक रहेको बताए ।

वडा नम्बर १० का वडा सदस्य यमुना काउचाले विद्यालयका सफलता र उपलब्धिको उचित प्रचार-प्रचार आवश्यक रहेकोमा जोड दिइन । कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक पिताम्बर बन्जाडेलगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

# देवकोटाको १२२औं जन्मजयन्ती समारोह



बुटवल । कविरत्न माधवप्रसाद देवकोटाको १२२औं जन्मजयन्ती समारोह विविध कार्यक्रम गरी मनाइएको छ । कार्यक्रममा साहित्यकार तथा संस्कृतिविद राजेन्द्रकुमार आचार्यलाई कविरत्न माधवप्रसाद देवकोटा पुरस्कारबाट सम्मानित गरिइएको छ । कविरत्न माधवप्रसाद देवकोटाको १२२औं जन्मजयन्ती समारोहको अवसर पारेर नवजगृती पुस्तकालय बुटवल ४ ले उनलाई सम्मान गरेको हो ।

साहित्यकार राजेन्द्रकुमार आचार्य विसं २००८ सालमा अर्घाखाँचीमा जम्म चरित्र कविताबाट साहित्यिक यात्राको थालनी गरेका थिए । उनका केन्द्रीय नेपाली शब्दकोष, शिक्षण विधि कक्षा ११, मछिन्द्रनाथको सवारीलगायका कृति प्रकाशित छन् ।

कार्यक्रममा बोल्दै सम्मानित व्यक्तित्व साँस्कृतिकृतिक अध्याता राजेन्द्र आचार्यले संस्थाले गरेको सम्मान प्रती नतमस्तक भएको बताए ।

त्यस्तै माधव देवकोटा स्मृति प्रतिष्ठान पाल्पाले गीत कुन्जिका प्रकाशन र वितरण तथा सामाजिक कार्य गरेबापत हिन्दु महासंघ नेपाल जिल्ला शाखा रुपन्देहीका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठलाई सम्मान गरेको छ । सम्मानपछि बोल्दै उनले सामाजिक साहित्यिक कर्ममा लाग्न कविरत्न माधवप्रसाद देवकोटाकै प्रेरणाबाट आफूमा उर्जा बढेको बताएका थिए । सम्मान गर्ने संस्थालाई उनले धन्यवाद व्यक्त गरेका थिए ।

सम्मानित व्यक्तित्वकोद्धयको बारेमा पुरस्कार छनोट समितिका सह-संयोजक किष्णप्रसाद कोइरालाले जानकारी दिएका थिए ।

प्राध्यापक डा.हुमकान्त पान्डेले कविरत्न माधवप्रसाद देवकोटाको बारेमा जानकारी दिएका थिए । माधवप्रसाद देवकोटा पाल्पा जिल्लामामा बिसं १९६० मा जन्म भइ बिसं २०४२ सालमा मृत्यु भएको थियो ।

हुस्सु, पथिक, रुरु गौरव, फूलबारी, तरङ्ग, भारती बैनवम्, लेखमाला, जीवन दान, आदि उनका मुख्य कृति रहेका छन् ।कार्यक्रमका प्रमुख अतिथि साहित्यकार जङ्गबहादुर शाहले आजको समयमा पनि साहित्य क्षेत्रमा बढेको लगावप्रति सबैलाई धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रममा साहित्यकारहरु पुस्करराज रेग्मी, गङ्गानाथ कोइराला, कविता देवकोटा, विजय सागर, पुनाराम पोखरेल, ऋषि आजादलगायतले रचना बाचन तथा भनाइ राखेका थिए । देवकोटा स्मृति प्रतिष्ठान पाल्पा २०७९ सालमा स्थापना भएको हो । विश्व हिन्दु महासंघ नेपाल जिल्ला शाखा रुपन्देहीलगायत चार वटा संस्थाको २४९औं सत्सङ्ग तथा भजन कृतन कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा विश्व हिन्दु महासंघ नेपाल जिल्ला शाखा रुपन्देही महिला समिति संयोजक अम्बिका पौडेल क्षेत्रीको स्वगत विश्व हिन्दु महासंघ नेपाल जिल्ला शाखा रुपन्देहीका उपाध्यक्ष बाबुराम ज्ञवालीको वैदिक मन्त्र उच्चारण देवकोटा स्मृति प्रतिष्ठानका कोषाध्यक्ष कविता देवकोटाको धन्यवाद रहेको थियो ।

कार्यक्रम माधव जयन्ती देवकोटा स्मृति प्रतिष्ठान पाल्पाका सचिव श्रीधर नेपाल र विश्व हिन्दु महासंघ नेपाल जिल्ला शाखा रुपन्देहीका कार्यलय सचिव उर्मिला श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

# टुर एन्ड ट्राभल एजेन्ट्समा नयाँ कार्यसमिति



बुटवल । नेपाल एशोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा ) लुम्बिनी प्रदेशको अध्यक्षमा चन्द्र थापा निर्वाचित भएका छन् । नाट्टा लुम्बिनीको १५औं वार्षिक साधारणसभा तथा अधिवेशनले थापाको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

एशोसिएनको वरिष्ठ उपाध्यक्षमा कुलचन्द्र पाण्डे, द्वितीय उपाध्यक्षमा गोबिन्द सिंह, तृतीय उपाध्यक्षमा अन्जनकुमार श्रेष्ठ निर्वाचित भएका हुन् । महासचिवमा सिता बस्याल, सचिवमा अंकित जैसवाल, कोषाध्यक्षमा प्रदीपकुमार पोखरेल र सहकोषाध्यक्षमा विराट श्रेष्ठ चयन भएको मुख्य निर्वाचन अधिकृत अधिवक्ता युवराज कंडेलले जानकारी दिए ।

सदस्यहरुमा जिवनाथ पौडेल, गणेश भट्टराई, टंक काफ्ले, गौरव पाण्डे, भुवन पाण्डे, प्रदीपप्रसाद उदय र मित्रशरण शर्मा रहेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com